# प्रविधी पुस्तिका सँगालो

## आ.ब. २०७४/०७५




नेपाल सरकार

कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

**परियोजना कार्यान्वयन इकाई**

**वहुअर्वाभाठा, पर्सा**

फोन नं. ९८५५०३६४१५

Email : pmampparsa@gmail.com

# दुई शब्द

पर्सा जिल्लामा तरकारी अति नै राम्रो हुने अवस्थामा रहेको हुनाले उक्त जिल्लामा जोन लाई सुपर जोनमा परिर्वतन गरी अझै आधुनिकिकरण र व्यवसायिककरण तर्फ लानु पर्ने देखिन्छ । तरकारी अरु वाली भन्दा छिटो आम्दानी दिने भएको हुनाले, छोटै अवधिमा उत्पादन गरी आयआर्जन गर्न सकिने, प्रति ईकाई जग्गावाट वढी उत्पादन लिन सकिने, पोषण तत्वको सजिलै संग आपुर्ति हुने हुनाले तरकारीको माग पनि दिनानुदिन वढदै छ । मागको अधारमा आपुर्ति गर्न तरकारीवालीको उत्पादन र उत्पादकत्व वढाउन पनि त्यतिकै जरुरी छ । उत्पादन र उत्पादकत्व वढाउन तरकारीको बीउको आवश्यकता हुन्छ, बीउको कुरा गर्दा गुणस्तरयुक्त,वढी उत्पादन दिने, रोग किरा कम लाग्ने वा नलाग्ने जातका वीउ चाहिन्छ । वीउको माँग आपुर्तिको लागी आन्तरिक उत्पादन र उत्पादनले नपुगी वाहिरवाट तरकारीको वीउ आयात गरेर भए पनि उन्नत तरकारीको वीउको आपुर्ति भई रहेको छ । क्षेत्रफलको हिसावले धेरै नै तरकारी उत्पादन हुने ठाउँ भए पनि यहाँ केहि स्थानमा सिचाईको असुविधा भएको देखिन्छ ।

यस कार्यालयबाट आ.व.२०७४/०७५ प्रकाशित भएको प्रविधि पुस्तिका भएता पनि समय, सिमित श्रोत र जनशक्तिको कारणले गर्दा पर्याप्त रुपले सामाग्री संयोजन गर्न सकिएको छैन । यसर्थ यस पुस्तिकामा प्रकाशित सामाग्री तथ्याङ्कबारे विज्ञ पाठकज्यू हरुबाट आबश्यक सुझाव एवं प्रतिक्रिया प्राप्त हुन सकेमा आगामी प्रकाशनहरुमा थप सुधार गर्दै लैजाने प्रयास गर्ने छौं । अन्त्यमा, यो पुस्तिका प्रकाशन गर्ने सन्दर्भमा कार्यालयको विभिन्न रेकडहरु तयार गर्न सहयोग गर्नु भएका श्री मुन्नीलाल प्रसाद (कृषि अधिकृत), श्री सुरेश प्रसाद चौरसिया (प्रा.स.), श्री असेस कुमार पाण्डे (प्रा.स.), श्री साहेव प्रसाद (ना.सु.) , कृषि तथा वन विज्ञान विश्वविघालय रामपुर,चितवन वाट ईन्टरर्न सिप गर्न आउनु भएका श्री सन्जना ठाकुर र श्री मनिषा चौधरी एवं सामाग्री जुटाउने सम्पुर्ण कर्मचारी साथीहरुको सहयोगको लागि आभार ब्यक्त गदै विशेष धन्यवाद दिन चाहन्छु ।

**विनोद कुमार मण्डल**
**वरिष्ठ कुषि अघिकृत**
**परियोजना कार्यान्वयन इकाई,**
**वहुआर्वाभाठा,पर्सा**

# विषयसुची


प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना ....... 4

उदेश्य ....... 4

परियोजना र कृषि विकास रणनीतिविचको अन्तरसम्बन्ध ....... 4

जोन अन्तर्गतका कार्यहरु ....... 6

१. तीतेकरेला: ....... 7

२.तनेबोडीः ....... 8

३. भिन्डी ....... 9

४. भान्टाः ....... 10

५. लौकाः ....... 12

६. घिरौला ....... 13

७ काउली खेतिः ....... 13

८.बन्दा खेती ....... 15

९.रायो साग खेतिः ....... 16

१०.मूला खेतिः ....... 17

११.गोलभेंडा खेतिः ....... 18

१२.प्याज खेतिः ....... 19

बिषय :- दर्ता भएको कृषि सहकारी /कृषक समूहको नामावली प्रकाशन गरिएको । ....... 21

साना सिचाई अन्तर्गत पम्पसेट अनुदान ....... 24

पोस्ट हर्भेस्ट अन्तर्गत १ पिकअप र १४ डिजिटल तराजु अनुदान ....... 25

कस्टम हयारिंग अन्तर्गत ४ ट्याक्टर ४ कल्टीभेटर, ४ लेभलर अनुदान ....... 26

# प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

## सोच

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।


## लक्ष्य


- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

## उदेश्य


- प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने
- निर्यात योग्य कृषिबस्तुहरुको मूल्यअभिवृद्धि गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने, र
- बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

## परियोजना र कृषि विकास रणनीतिविचको अन्तरसम्बन्ध






**नक्शामा जिल्लाहरुमा लागु भएका विशेष वाली**



## व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम




जोन अन्तर्गतका कार्यहरु

- बजारीकरण कार्य: कृषि उद्योगजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थको बजारीकरण
- प्रशोधन कार्य: उद्योग संचालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनका लागि प्राथमिक प्रशोधन
- भण्डारण कार्य: संकलन
- श्रोत केन्द्र विकास कार्य: उत्पादन सामग्री उत्पादन

## सहजीकरण सेवा सुविधाको विवरण

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (वीउ, वेर्ना, विरुवा, माछा भुरा लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

# १. तीतेकरेला:

### १.१ परिचय र महत्व :

करेला गर्मी मौसमको लहरे बाली हो । यसको खेती कलिला, मनपर्दा तीता फलको लागि गरिन्छ । करेला अर्बुद रोगको प्रतिरोध गर्ने गुणहरु छन् । यसको सेवनले रगत र पिसाबमा हुने चिनिको मात्रालाई घटाउँदछ । करेलाको बजार माग र उत्पादन दुवै बढ्दो अवस्थामा छ ।

### १.२ जातहरु

| क.स | बालीको जात | पाक्ने दिन | उत्पादन क्षमता ( मे.टन/हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १ | हरियो करेला | ९०–१०० | २०–२५ | तराई र मध्य पहाड |
| २ | चन्द्रा,$F_1$ (पन्जीकरण मात्र) | ४५–५० | १९.८ | तराई र मध्य पहाड |
| ३ | लक्ष्मी ५५५,(पन्जीकरण मात्र) | ५० | २८ | तराई , मध्य पहाड तथा उच्च पहाड |
| ४ | पिपल,$F_1$ (पन्जीकरण मात्र) | ५० | २०.९ | तराई , मध्य पहाड तथा उच्च पहाड |
| ५ | शिव ,$F_1$ (पन्जीकरण मात्र) | ४५–५० | २१.४ | तराई |
| ६ | सेती ४४४,$F_1$ ( पन्जीकरण मात्र) | ४६–४८ | २६.९ | तराई , मध्य पहाड तथा उच्च पहाड |
| ७ | कोमल,$F_1$ (पन्जीकरण मात्र) | ४८–५० | ३५.६ | तराई , मध्य पहाड तथा उच्च पहाड |
| ८ | गंगा,$F_1$ (पन्जीकरण मात्र) | ४०–४५ | २४ | तराई |
| ९ | सम्बृद्धि,$F_1$ (पन्जीकरण मात्र) | ४८–५० | ३५.८ | तराई,मध्यपहाड तथा उच्च पहाड |
| १० | हिरा,$F_1$ (पन्जीकरण मात्र) | ४८–५० | २४.३ | तराई |
| ११ | एन एस ४५३,$F_1$ ( पन्जीकरण मात्र) | ४०–५० | ४०–४५ | तराई र पहाड |
| १२ | एन एस ४५४,$F_1$ ( पन्जीकरण मात्र) | ४०–५० | ४०–४५ | तराई र पहाड |
| १३ | एन एस १०२४,$F_1$ ( पन्जीकरण मात्र) | ४०–५० | ४०–४५ | तराई र पहाड |
| १४ | एन एस ४३१,$F_1$ ( पन्जीकरण मात्र) | ४०–५० | ४०–४५ | तराई र पहाड |
| १५ | एन एस ४३४,$F_1$ ( पन्जीकरण मात्र) | ४०–५० | ४४–४८ | तराई र पहाड |
| १६ | एन एस ४३३,$F_1$ ( पन्जीकरण मात्र) | ४०–५० | ४०–४५ | तराई र पहाड |



| | | | | |
|---|---|---|---|---|
| १७ | पाली, $F_1$ (पन्जीकरण मात्र) | ४०–५० | ४५–५० | तराई पहाड र उच्च पहाड |
| १८ | केशव ७७७, $F_1$ ( पन्जीकरण मात्र) | ५० | २८.५ | तराई र मध्य पहाड |
| १९ | हरित, $F_1$ (पन्जीकरण मात्र) | ६०–७० | ३०–३५ | तराई र मध्य पहाड |
| २० | रमन, $F_1$ (पन्जीकरण मात्र) | ६०–६५ | ३५–४० | तराई |
| २१ | मया, $F_1$ (पन्जीकरण मात्र) | ४५ | ४०–४५ | तराई र मध्य पहाड |

**१.३ बाली लगाउने र लिने समयः**

हावापानी क्षेत्रहरू र जातहरूका आधारमा लगाउने समय फरक हुन्छन् । नेपालको भिन्न हावापानीका क्षेत्रहरूमा माघ देखि जेठसम्म बीउ रोप्ने वा सार्ने गरेर वैशाख देखि असोजसम्म बाली लिन सकिन्छ ।

तालिका: विभिन्न भौगोलिक क्षेत्रमा तीतेकरेलाको बाली लगाउने तथा बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ रोप्ने, बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | वैशाख-जेठ | असार-साउन |
| मध्य पहाड | फागुन-जेठ | जेठ-साउन |
| खोंच, बेंसी र तराई | माघ-जेठ | वैशाख-असोज |

१.४ रोग

करेलामा खास प्रकारको रोगको प्रकोप देखिदैन । राम्रो निकासको प्रबन्ध नभएमा जरा कुहिने रोग लाग्दछ भने त्यसको लागि पानीको राम्रो निकास व्यवस्था मिलाउनु पर्दछ । अर्को चाहि भाइरस हस्ट प्लान्ट जस्तै स्कुस, रामतोरिया, काक्रो जस्ता बाली वरीपरी नलगाउनु राम्रो हुन्छ ।

१.५ किरा

फलमा औँसा पार्ने किराले फलको आकार प्रकार बिगार्नुको साथै फल कुहाउँछ । वयश्क पोथी झिँगाले फुल पार्ने तिखोअङ्गले कलिलो फललाई छेडेर फुल पार्दछ र पछि फुलबाट औँसाहरु निस्केर फल कुहाउँछ । यसको रोकथामको लागि रोगर वा नुभानको ०.२ प्रतिसतको झोल बनाई (१ लिटरमा २ एम.एल.) छर्नु पर्दछ । अथवा फेरोमन ट्र्याप प्रति रोपनी १०–१५ वटा बट्टा राख्नु पर्दछ । जुन बट्टा रेडिमेट रुपमा बीउ बिजनको पसलहरुमा खरिद गर्न पाइने छ ।

# २.तनेबोडीः

**२.१ परिचय र महत्व**

बडि कोसे परिवारमा पर्ने बाली हो । कोसे बालीहरुले वायुमण्डलमा भएको नाइट्रोजनलाई राईजोबियम नामक सुक्ष्म जिवाणुको माध्यमद्वारा माटोमा स्थिरीकरण गरी माटोको उर्वरा शक्ति कायम राख्न महत्वपूर्ण भुमिका खेल्दछन् । गेडागुडी तरकारीहरूमध्ये तनेबोडी पनि एक महत्वपूर्ण तरकारी हो र तनेबोडीकोलहरा जान्छ । यसको उत्पत्ति मध्य अमेरिकाबाट भएको मानिन्छ । यसमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन ए, खनिज तत्वहरू कार्बोहाइड्रेट पाइने हुँदा यसको पोष्टिक महत्व बढी छ । तनेबोडीको सुकेको दाना दालका लागि र हरियो कोसा तरकारीका लागि प्रयोग गरिन्छ ।

**२.१ बालीका जात**

| क्र.स | बालीको जात | पाक्ने दिन | उत्पादन क्षमता ( मे.टन/हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १ | खुमल तने | ६०–७० | ४.५ | तराई र मध्य पहाड |
| २ | सर्लाही तने | ५०–६० | ७.० | तराई र मध्य पहाड |
| ३ | चन्द्रा ०४१,( पन्जीकरण मात्र) | ४८ | ३३ | तराई र मध्य पहाड |



| | | | | |
|---|---|---|---|---|
| ४ | कर्मा स्टीकलेस ( पन्जीकरण मात्र) | ४५ | १५ | तराई र मध्य पहाड |
| ५ | एनओ–३२४( पन्जीकरण मात्र) | ६०–६५ | ४.६ | तराई, मध्य तथा उच्च पहाड |
| ६ | सिला–४६४( पन्जीकरण मात्र) | ३५–४० | ५ | तराई र मध्य पहाड |

२.२ **बाली लगाउने र लिने समयः**

तालिकाः विभिन्न भौगोलिक क्षेत्रमा बाली लगाउने तथा बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ छर्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | चैत –वैशाख | असार-भदौ |
| मध्य पहाड | फागुन- वैशाख | वैशाख -साउन |
| तराई | साउन-भदौ | असोज–मंसिर |

**२.३ रोग**

**कं) कोलेटोट्रिकम रोग**

जरादेखि मुख्य डाँठको भाग खैरो कुहिन थाल्दछ र पहेलो भई ओइलाएको देखिन्छ। रोकथामका लागि थिराम (०.२५) ले बीउको उपचार गर्ने र खडा बालीमा रोग देखिएमा म्यान्कोजेब (०.२) विषादिले स्प्रे गर्ने।

**ख)फयुजारियम वील्ट :**

जरा सहित बोट ओइलाउँछ रोकथामका लागि कार्वेन्डाजिम (०.२५) ले बीउको उपचार गर्ने, सरसफाई, घुम्ती बाली अपनाउन र निकासको राम्रो व्यवस्था मिलाउन सल्लाह दिईन्छ।

**ग) मोज्याक भाईरस :**

पातहरु पहेलिने र गुजुमुजु पर्ने रोग। रोकथामका लागि यो रोग लाहि कीराबाट सर्ने भएकोले लाहि किरा नियन्त्रणको लागि माथि उल्लेख भए बामोजिम विषादिको प्रयोग गर्नुपर्दछ। बीउ रोप्नु अगाडि ट्राइसोडियिम अर्थोफस्फाइड (१०%) ले २० मिनेट सम्म बीउ डुबाइ उपचार गर्नुपर्दछ र सरसफाईको राम्रो व्यवस्था गर्ने र रोगी बोट बिरुवाहरु उखेलेर गाडी दिनुपर्दछ।

**२.४ कीरा**

लहि र पतेरो कीराले नोक्सान पुर्याउने हुनाले व्यवस्थाापनका लागि एग्रो स्प्रे १० मि.लि प्रति लिटर पानीमा वा मार्गोसोम ५ मि.लि प्रति लिटर पानीमा वा छिप्पिएको (८–१० दिन पुरानो) अमिलो मोही ६०० लिटर प्रति हेक्टरका दरले छर्दा प्रभावकारी पाइएकोछ।

# ३. भिन्डी

**३.१ परिचय र महत्वः**

भिन्डी गर्मी याममा खेती गर्ने एउटा महत्वपूर्ण तरकारी बाली हो। यसलाई सलाद र सुप बनाउनमा पनि प्रयोग गरिन्छ। डाँठ र फलमा हुने रेसालाई कागज उधोगमा प्रयोग हुन्छ। यसमा प्रस्सत मात्रामा भिटामिन (ए,बि र सि), प्रोटिन र केही मात्रामा आयोडिन समेत पाइन्छ। यो ज्वरो, पिसाब पोल्ने तथा पेटको गडबडी सम्बन्धी समस्यामा समेत उपयोगी मानिन्छ। हालसालै यसको प्रयोग मधुमेह रोगको औषधी निर्माणमा समेत पाइन्छ।



**३.२ बालीका जात**

| क्र.स | बालीको जात | पाक्ने दिन | उत्पादन क्षमता ( मे.टन/हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १ | पार्वती | ५०–६० | १२–१६ | तराई , मध्य र उच्च पहाड |
| २ | अर्का अनामिका( पन्जीकरण मात्र) | ४०–४५ | २४–३२ | तराई, मध्य र उच्च पहाड |
| ३ | ज्या $F_1$ ,(पन्जीकरण मात्र) | ४५–५० | १३–२० | तराई |

**३.३ बाली लगाउने र लिने समयः**

तालिकाः विभिन्न भौगोलिक क्षेत्रमा बाली लगाउने तथा बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ छर्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | वैशाख–जेठ | असार-साउन |
| मध्य पहाड | फागुन-असार | जेठ-असोज |
| तराई | माघ-असार | बैसाख–असोज |

**३.४ रोग**

**क) धूलो ढुसी रोग (Powdery Mildew):**

पातमा खैरा सेता धूले दागहरू देखापर्दछन् । खैरो सेतो धूलोले बोट ढाकिन्छ । पात पहेंलिन्छन् र ओइलाउँदछन् । बेमिस्टिन, ०.५-१ ग्राम प्रतिलिटर मिसाई छर्केमा रोगको रोकथाम गर्न सकिन्छ ।

**ख) पातको नसा पहेंलिने रोगः**

यो भाइरसबाट लाग्ने खतरनाक रोग हो । पातका नसाहरू पहेंला हुन्छन् । सेतो झिँगाले रोगी बोटबाट स्वस्थ बोटमा भाइरसहरू सार्दछ र पूरै बगैंचा पंहेलो देखिन्छ ।

रोकथामः

रोगी बोटहरू उखेलेर जलाउनुपर्दछ , रोग निरोधक जात जस्तै पार्वती, अर्को अनामिका लगाउनु पर्दछ , मालाथियन ०.१% वा नुभान ०.०४% बीउ उम्रेको १५ र ३० दिनमा दुई पटक छर्कनुपर्दछ ।

**३.५ कीराहरु :**

**क) छिर्के गवारो (Spotted Bollworm):**

लाभ्रेले मुना, कोपिला, फूल र चिचिला प्वाल पारेर भित्र-भित्र खाइदिन्छन् तथा चिचिलाहरू झर्दछन् । फल खान लायक हुँदैन ।

रोकथामः

फलहरू छिटो टिप्नुपर्दछ , घाउ लागेका फलहरू जम्मा गरेर माटोमा गहिरो गरी गाड्नुपर्दछ , साइपरमेथ्रिन २ मि.लि प्रतिलिटर पानीमा छर्कनुपर्दछ ।

**ख) फडके (Leaf Hopper):**

यसका माउ र बच्चा दुवैले पातको तल्लो सतहमा बसेर रस चुस्दछन् । पातको किनारबाट पहेंलिन्छ र पछि खैरो-रातो रंगको हुन्छ । मालाथियन (०.०५%), फेन्भेलेरेट (०.०२%) वा साइपरमेथ्रिन (०.०२%) ले बालीमा छर्कनुपर्दछ ।

# ४. भान्टाः

**४.१ परिचय र महत्वः**

भान्टा न्यानो तथा गर्मी मौसममा महत्वपूर्ण तरकारी बाली हो । यो पोषिलो तरकारी हो । यसको सेवनले रगतमा हुने कोलेस्ट्रोलको मात्रा घटाउने तथा दाँत दुख्ने, कलेजो र मधुमेहका रोगीलाई औषधिको काम गर्दछ । व्यावसायिक रूपमा खेती गरिने पकेट क्षेत्रहरू सर्लाही, महोत्तरी, पर्सा, बाग्लुङ, म्याग्दी, कपिलवस्तु, बाँके, बर्दिया, दैलेख र कैलाली जिल्लामा छन् । नेपालका खोँच, बेसी, तराई र भित्री तराईमा ग्रीष्म-वर्षायाममा लिने भान्टा लाभदायक हुन्छन् ।

४.२ **जातहरु**

| क्र.स | बालीको जात | पाक्ने दिन | उत्पादन क्षमता ( मे.टन/हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १ | नुर्की | ६०–६५ | २५–३० | तराई र मध्य पहाड |
| २ | एन एस, $F_1$ (पन्जीकरण मात्र) | ५५–६० | ३०–४० | तराई र मध्य पहाडका नदी किनारहरु |
| ३ | अर्का केशव,(पन्जीकरण मात्र) | ६०–७५ | २०–२४ | तराई र मध्य पहाडका नदी किनारहरु |
| ४ | अन्ना ८०६,$F_1$ ( पन्जीकरण मात्र) | ६४ | ४०–४५ | तराई र मध्य पहाडका नदी किनारहरु |



| | | | | |
|---|---|---|---|---|
| ५ | रुनाको,$F_1$ (पन्जीकरण मात्र) | ६०–७० | १० | तराई, पहाड र उच्च पहाड |
| ६ | मायालु ५५५,$F_1$ (पन्जीकरण मात्र) | ७५ | ४५ | तराई र, मध्य पहाड |
| ७ | साम्ली,$F_1$ (पन्जीकरण मात्र) | ४५–५० | ५० | तराई ड |
| ८ | आशा,$F_1$ (पन्जीकरण मात्र) | ६०–६५ | ६०–७० | तराई |

**३.३ बाली लगाउने र लिने समयः**

तालिकाः विभिन्न भौगोलिक क्षेत्रमा बाली लगाउने तथा बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ रोप्ने र बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | चैत - वैशाख | असार - भदौ |
| मध्य पहाड | माघ - फागुन | वैशाख - असार |
| खोंच, बेसी र तराई | भदौ - असोज | मंसिर - माघ |

**३.४ रोग**

**क) फोमोप्सिस ब्लाइट(Phomopsis Blight):**

यो ढुसीबाट लाग्ने रोग हो । डाँठको बोक्रा कालो हु दै कुहिन्छ । फलको फेदतिरबाट कुहिँदै जान्छ ।

रोकथामः

रोग सहने जात लगाउने र घुम्ती बाली अपनाउनु पर्दछ , बेभिस्टिन एक ग्राम प्रति के.जी. बीउका दरले उपचार गर्नुपर्दछ ,ब्लाइटक्स २ ग्राम प्रतिलिटर पानीमा सिंचाइ गर्नुपर्दछ ।

**ख) पात खिइँदै जाने रोग(Little Leaf):**

यो रोग माइकोप्लाज्मा भन्ने सुक्ष्म जीवाणुको कारणले हुन्छ । यो रोगका जीवाणु फड्के कीराले सार्दछ । पात पातला, साना र फिका हरिया हुँदै जान्छन् । बोटको आकार होचो र झुप्पा परेको हुन्छ । पुष्पदल हरियो हुँदै जान्छ र बोटमा फल लाग्दैन ।

रोकथामः

रोग निरोधक जात लगाउनु पर्दछ , रोगी बोट तुरुन्त उखेलेर नष्ट गर्नुपर्दछ , टेट्रासाइक्लिन ०.१% झोलमा सार्ने बेलामा बेर्नाको उपचार गर्ने र सारेको ४-५ हप्तापछि यसैको ०.५%झोलले १० दिनको अन्तरमा ३ पटक छर्कनुपर्दछ ।

**३.५ कीराहरुः**

**क) डाँठ तथा फलको गवारा(Brinjal Fruit and Shoot Borer):**

यसको पुतलीले भान्टाको पात, मुन्टा र फलमा फुल पार्दछ । फुलबाट औँसा निस्केर कलिला मुन्टा तथा फल खान शुरु गर्दछन् । फलभित्र बसी गुदी खान्छन् र फलमा स-साना प्वालहरू देखिन्छन् ।

रोकथामः

गवारो नलाग्ने बालीहरू घुम्ती बालीका रूपमा लगाउनु पर्दछ , झुप्पामा साना फल लाग्ने जात लगाउनु पर्दछ , भान्टासँग सुप र धनियाँ मिश्रित बालीको रूपमा लगाउन सकिन्छ , कीरा लागेका फल र मुन्टा जम्मा गरेर नष्ट गर्नुपर्दछ । भाले पुतलीलाई आकर्षण गर्ने ल्युसिन ल्युरको पासो राखेर संख्या घटाउन सकिन्छ , फल लाग्नु अगाडि वा फल टिपेपछि थायोडन २ मि.लि. प्रतिलिटर पानीमा मिसाई १०-१५ दिनको फरकमा दुई पटक छर्कनुपर्दछ । यो छर्केपछि फल टिप्न १० दिन पर्खनुपर्दछ ,कीरा बढी लाग्न थालेमा साइपरमेथ्रिन वा फेनभलेरट एक मि.लि. प्रतिलिटर पानीमा मिसाई छर्कनुपर्दछ । यो एकपटक छरेपछि अर्को पटक थायोडन वा नुमान आलोपालो छर्कनुपर्दछ ।

**ख) रातो सुलसुल(Red Spider Mite):**

यो कीराको समूहले पातको तल्लो भागमा बसेर रस चुस्दछ र पात डढेको जस्तो देखिन्छ ।

रोकथामः

थायोडन १.५ मि.लि. प्रतिलिटर पानीमा मिसाई १०-१० दिनको फरकमा छर्कनुपर्दछ ।

# ५. लौका:

**५.१ परिचयर महत्वः :**

लौका न्यानो हावापानीमा राम्रोसँग फस्टाउने एक लहरे बाली हो । लौकामा विभिन्न किसिमका पौष्टिक तत्वहरु पाइन्छन् ।लौका खेती सजिलैसँग गर्न सकिने र सामान्तया रोग कीराको प्रकोप कम हुने बालीमा पर्दछ ।लौकाको धे रै औषधीय महत्व छ । उच्च रक्तचाप र पेटका बिरामीहरूलाई लौकाको सेवन बढी लाभप्रद हुन्छ । यसको रसको सेवनले पखाला लागेको निको पार्दछ । यसको पातको चियाले जन्डिसलाई निको पार्दछ । लौकाको धे रै औषधीय महत्व भएकोले दिनहुँ यसको सेवन गर्नुपर्दछ । लौकाको उद्गमस्थल अफ्रिका र एसियाका उष्ण क्षेत्रहरू हुन् ।

**५.२ जातहरुः**

| क.स | बालीको जात | पाक्ने दिन | उत्पादन क्षमता ( मे.टन/हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १ | काभेरी, $F_1$ (पन्जीकरण मात्र) | ४५–५० | ४०–४५ | तराई र पहाड |
| २ | एन एस, ४२१,$F_1$ ( पन्जीकरण मात्र) | ४५–५० | ४४–५६ | तराई र पहाड |
| ३ | एन एस, ४४३,$F_1$ ( पन्जीकरण मात्र) | ४३–५० | ३०–४० | तराई र पहाड |
| ४ | अनमोल,$F_1$ (पन्जीकरण मात्र) | ६० | १२ | तराई ,पहाड र उच्च पहाड |
| ५ | धारा,$F_1$ (पन्जीकरण मात्र) | ५५–६५ | ५०–७० | तराई, र पहाड |



**५.३ बाली लगाउने र लिने समयः**

तालिकाः विभिन्न भौगोलिक क्षेत्रमा बाली लगाउने तथा बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ रोप्ने र बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | वैशाख-जेठ | असार - असोज |
| मध्य पहाड | फागुन - चैत | वैशाख - कात्तिक |
| खोंच, बेसी र तराई | माघ-जेठ | चैत - कात्तिक |

**५.४ रोगः**

**क) कपासे ढुसीः**

यो रोगबाट पातको माथिल्लो सतहमा पहेला दागहरु र तल्लो सतहमा आद्रे मौसममा बैजनी रंगको कपासजस्तो ढुसी लाग्दछ । बिरुवा बढ्न सक्दैन, फल पनि सानोसानो हुन्छ र फलको स्वाद हुँदैन । यस्तो रोग लागेमा समयमै निरीक्षण गरी डाइथेन एम ४५ बिषादी १ लिटर पानीमा २ ग्राम राखी छर्ने या पोलिराम ४ग्राम १ लिटर पानीमा राखी १० दिनको फरक गरी २–३ पटक छर्नाले रोग नियन्त्रण हुन् मदत गर्छ ।

**ख) सेतो धुलो :**

सुरुमा पात र काण्डको सतहमा सानो दाग देखिन्छ । सेतो धुलोले बिरुवाको पुरै बाहरिी भागलाई ढाक्न सुरु गर्छ । त्यस कारण बोटको साइज ३० से.मी. भएपछि क्यलिसिन २मि.ली. १लिटर पानीमा राखी छर्ने वा पोलिराम ४ ग्राम १ लिटर पानीमा राखी छर्नाले रोग नियन्त्रण हुन्छ ।

**५.५ कीराहरुः**

**क) फल कुहाउने भिँगाः**

फल कहाउन े भिगाँल े फल छडेँरे फलु पादर्छ र तिन ै फलुबाट सतो रडग्का एकातफ ि चच्चा े परको आसैं निस्कन्छन । ती आसैंको आक्रमणल े गदा ि फलहरु कुहिन्छन । लौकामा लाग्ने फल कुहाउने भिँगा नियन्त्रण गर्न फेरोमेन ट्रयापको प्रयोग गर्न सकिन्छ । यसो गर्दा भाले भिँगाहरु फेरोमेन ट्रयापमा आकर्षित भई पासोमा पर्दछन् र विषादीको प्रभावले मर्दछन् यसबाट भिँगाको वृद्धि हुन पाउँदैन । फेरोमे न ट्रयाप बनाउन प्लास्टिकको बट्टाको दुबै तिर प्वाल पार्ने, बीचमा मसिनो प्वाल बनाइ तारले अडक् ाउन े र भित्रपट्टिबाट तारमा कपास राख्न े । कपासमा २ थोपा क्युलियर हर्मोन र २ थोपा मालाथियान राख्नु पर्दछ । यसैगरी १५/२० दिनको फरकमा क्युलिएरहर्मोन र मालाथियन माथि उल्लेख गरेबमोजिम दो होरऱ्याइ राख्ने । यसरी १ कठ्ठाको लागि ३ वटा फेरोमेन ट्रयापको बट्टा भुड्याउनु पर्दछ ।

**ख) सुलसुले:**

यिनिहरु रातो रङ्गको असाध्यै सानो कीरा जस्तो जीव हो । यस कीराको आक्रमणले गर्दा पातमा मसिना सेता छिर्काहरु देखिन्छन् । पहेँलो पातहरू बिस्तारै पछि खैरा हुन्छन् । बोटमा माकुराको जालो जस्तो पर्दछ ।

रोकथामः

सुलसुले कीराको नियन्त्रणका लागि मालाथियान वा नभु ान १.५ मि.लि. प्रतिलिटर पानीमा मिसाइ ७/७ दिनको फरकमा ३ पटक छर्नु पर्दछ । यसैगरी रोगर वा थायोडिन १ मि.लि. १ लिटर पानीमा मिसाइ ३ पटक ७/७ दिनको फरकमा पनि छर्न सकिन्छ ।

**ग) थ्रिप्सः**

यि पहेँलो, कालो रङ्गको मसिनो कीरा हो । यो कीरा पात र फूलमा बस्दछ । यस कीराको आक्रमणले पातमा सेतो धब्बा वा धर्साहरु देखिन्छन् ।

रोकथामः

थ्रिप्स कीराको नियन्त्रणका लागि मालाथियान वा नुभान १.५ मि.लि. प्रतिलिटर पानीमा मिसाइ ७/७ दिनको फरकमा ३ पटक छर्नु पर्दछ । यसैगरी रोगर वा थायोडिन १ मि.लि. १ लिटर पानीमा मिसाइ ३ पटक ७/७ दिनको फरकमा छर्न सकिन्छ ।

# ६. घिरौला

### ६.१ परिचय र महत्वः

घिरौंला ग्रीष्म-वर्षा यामको लहरे तरकारी बाली हो । यसका कलिला फल तरकारी पकाएर खाइन्छ । यसको औषधीय महत्व छ । यसको सेवनले खानामा रुचि बढ्छ । यसले मुटु तथा पेटका रोगीलाई फाइदा गर्दछ ।

### ६.२ जातहरु

| क्र.स | बालीको जात | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन/हे) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|
| १ | ह्यु क्यु ५०१, $F_1$ (पन्जीकरण मात्र) | ४० | २३ | तराई र मध्यपहाड |
| २ | भिसेट सि सि १६५,$F_1$ (पन्जीकरण मात्र) | ३५–४० | ३० | तराई र मध्यपहाड |
| ३ | एन एस, ४०१,$F_1$ (पन्जीकरण मात्र) | ४०–४५ | ४४–४८ | तराई र पहाड |



### ६.३ बाली लगाउने र लिने समयः

तालिकाः विभिन्न भौगोलिक क्षेत्रमा बाली लगाउने तथा बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ रोप्ने र बेर्ना सार्ने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | वैशाख-जेठ | असार - असोज |
| मध्य पहाड | फागुन - जेठ | वैशाख - कात्तिक |
| खोंच, बेसी र तराई | माघ-जेठ | चैत - कात्तिक |

### ७: काउली खेतिः

- **हावापानीः**
- अगौटे, मध्यम र पछौटे जातहरुको खेति गर्ने समय फरक फरक हुन्छन।
- अगौटे मध्यम र पछौटे जातलाई चाहिने तापक्रमः
- अगौटेः २०-२७ डी.से. ।
- मध्यमः १९ डी.से.
- पछौटेः १०-१६ डी.से



- **जातः**

नेपालमा प्रचलित जात काठमाण्डौ स्थानीय हो भने अरु केहि जातमध्य अर्ली स्नोबल, पुसा दीपाली, पुसा कर्तिकी, स्नोक्याप, किबोजाइन्ट छन्. हाइब्रिड जातमा सिल्भर कप ६० दिन, मिलक क्विन ७५ दिन, ह्वाइट फ्लास र सुनोकिंग ६५ दिनमा तयार हुन्छ ।

तपसिलः

| काउली | रोप्ने समय | दूरी | उत्पादन | मल प्रति रोपनी | प्रति रोपनी लाग्ने बेर्ना | पाक्ने समय | माटोको अम्लीयपना |
|---|---|---|---|---|---|---|---|
| मध्य- काठमाण्डौ स्थानीय | श्रावण-भाद्र | ६० सेमी | मङ्सिर-माघ २000-२५०० केजी | कम्पोस्ट ५०-६० डोको र एन.पी.क. ५-४-२.५ केजी | १२००-१४०० | ११०-१२० दिन | ५.५ देखि ६.५ सम्म |
| पछौटे- स्नोबल | कार्तिक-मङ्सिर | ४५ सेमी | फागुन-चैत ७५०-१००० | कम्पोस्ट ५०-६० डोको र एन.पी.क. ५-४-२.५ केजी | २२००-२४०० | १००-११० दिन | ५.५ देखि ६.५ सम्म |
| अगौटे- पुसा दीपाली, पुसा कर्तिकी | जेठ-असार | ४५ सेमी | श्रावण-असोज १०००-१२०० | कम्पोस्ट ५०-६० डोको र एन.पी.क. ५-४-२.५ केजी | २५०० | ८०-१०० दिन | ५.५ देखि ६.५ सम्म |
| पछौटे-किबो जाइन्ट | असोज-कार्तिक | ४५ सेमी | माघ-फागुन | कम्पोस्ट ५०-६० डोको र एन.पी.क. ५-४-२.५ केजी | २२००-२४०० | १००-११० दिन | ५.५ देखि ६.५ सम्म |

नोटः हाइब्रिड जातको काउलीलाई ब्याडमा बीउ राखेको दिनबाट २०-२२ दिनमा बेर्ना उखेली रोप्नुपर्छ । यदि नारोपेमा ब्याडमा नै सानो कोपीहरु लाग्छ।

- **बेर्ना रोप्ने, गोडमेल, र सिंचाईः**

बेर्ना रोप्ने जग्गा तयार भएपछि ५-६ पाटे भएको ब्याडबाट माटोसहित आउने गरि नांग्लो या ट्रेमा राखी रोप्न लैजानुपर्छ। एक बोटबाट अर्को बोट अगौटे जात ४५-४५ सेमि फरक र मध्य मौसमी ६०-४५ सेमी फरक गरि बेलुकीपख बेर्ना सार्नुपर्छ। यसरी सारेको बेर्नालाई हलुका किसिमले झारीबाट पानी दिनुपर्छ। बेर्ना नसरेसम्म चिस्यान हेरी सिंचाई गर्न आवश्यक हुन्छ। १५-२० दिन पछि गोडमेल गरी डीयेपी मल टप ड्रेसिंग  गरी ड्यानंग बनाउन

आवश्यक हुन्छ भने चिस्यान हेरी सिंचाईको व्यवस्था गरी नियन्त्रण गर्नुपर्छ. बजारमा लैजाने काउलीमा १० दिन अगाडि बिषादी छर्नुहुँदैन।

- **काउलीमा लाग्ने रोग, कीराहरूः**

गाँठा रोग लाग्ने लक्षणः

१. बोट नबढ्ने, पातहरु केही नुहेको(खुम्चेको) देखिने ।

२. बोट उखेली हेर्दा मूल जरामा गाँठा या डल्ला देखिने ।

३. रोग लागेको बोट देखेपछि गएर मर्न थाल्दछ ।

रोग नियन्त्रण गर्ने उपाय;

१. रोग लागेको स्थानबाट बेर्ना ल्याई नरोप्ने ।

२. खेतबारीमा भएको झारपात संकलन गरी बालिदिने ।

३. रोग लागेको जग्गामा घुम्तिबाली ३ देखि ६ बर्षसम्म लगाउनुपर्छ ।

४. बेर्ना सार्ने बेलामा पूरै बेर्नालाई बेभिष्टिन(०.५ प्रतिशत) को झोलमा १५ देखि २० मिनेटसम्म डुबाई रोप्नपर्छ ।

५. रोग लागेको बोट बटुली बालिदिने ।

६. निसर्गा माटोमा प्रयोग गर्दा ५०० ग्राम निसर्गा २.५ किलो सुकेको गोबर मलमा प्रयोग गरी रोग लागेको जग्गामा छर्ने ।

- अल्टरनेरिया थोप्ले रोग
- डाठ कुहिने
- डाउनी मिल्ड्यु रोग

- **कीराः**

ब्याडमा झुसिल्किरा ले आक्रमण गर्ने भएकाले बिषादी डोम, नुभान, फेनफेन यीमध्ये एक प्रयोग गर्नुपर्छ।
बोट ठुलो भएपछि पातपछाडी पुतलीले फुल पारी संयौ लार्भा फुलबाट निस्की पात खाई धेरै नै नोक्सानी गर्ने भएकाले समयसमयमा तरकारी बालि निरीक्षण गरी किरा लाग्नासाथ नूभान, सोम, फेनफेन , सुपरक्लियर  यीमध्ये १ बिषादी १ लिटर पानीमा २-३ मिलि राखी स्प्रे गर्नाले किरा नियन्त्रण हुन्छ।

## ८.बन्दा खेती

- **हावापानीः**

बन्दा रोप्नुभन्दा पहिले चारैतर्फ पानीको निकासको कुलेसो बनाउनुपर्छ जसले गर्दा पानी परेको बारी या खेतमा जम्न पाउंदैन र जरामा हुने रोगबाट बचावट हुन्छ।



- **जातः**

| बाली | जात | उच्च पहाड | मध्य पहाड | खोंच, बेसी र तराई |
|---|---|---|---|---|
| बन्दा | गोल्डेन एकर | फागुन-बैशाख (साउन-असोज) | साउन-भदौ (मंगसिर-माघ) | भदौ-असोज (माघ-फागुन) |
| | प्राइड अफ इंडिया | फागुन-बैशाख (साउन-असोज) | साउन-भदौ (मंगसिर-माघ) | भदौ-असोज (माघ-फागुन) |
| | लेटलार्च ड्रमहेड | फागुन-बैशाख (साउन-असोज) | साउन-भदौ (मंगसिर-माघ) | भदौ-असोज (माघ-फागुन) |
| | कोपन हेगन मार्केट | फागुन-बैशाख (साउन-असोज) | साउन-भदौ (मंगसिर-माघ) | भदौ-असोज (माघ-फागुन) |

- **हाइब्रिड जातहरुः**

ग्रिन कोरोनेट, ग्रिन स्टोन, नेपा बल, बोनस, ग्रिन क्राउन, ग्रिन किंग, एनएस-२५, रारे बल, स्काई यस, अल सिजन

- **कीराः**

Cabbage white orlaltesfly: यी कीराले बन्दा र काउलीको पातपछाडी संयौ फुल पर्दछ। पछि गएर लार्भाहरु बथानको रुपमा पातहरु तलमाथी देखिन्छन र ठुलो भएपछि सबैतर्फा फैली पात र बीइउको कोसा, डाठ सबै खाइदिन्छ।
नियन्त्रणः नुभान, ब्लुम, डोम, फेनफेन, धनवान, रोगर यीमध्ये एक बिषादी १ लिटर पानीमा २ मिलि राखी छार्नाले कीरा नियन्त्रण हुन्छ।

- **रोगः**

पातको दाग वा ब्लाइटः
यो रोग ढुसीबाट हुने रोग हो. बन्दाको केहि छिप्पिएको भागमा ससाना काला दागहरुको रुपमा देखा पर्छ । यो छिट्टै फैलिन्छ र बाटुलो दागको रुपमा देखिन्छ।
नियन्त्रणः

१. प्रत्यक बर्ष एकै स्थानमा एउटा जात नलगाई घुम्तिबाली लगाउनुपर्छ।
२. बीउलाई तातो पानी(५० डिसे) मा ३० मिनेटसम्म उपचार गरी प्रयोग गर्नुपर्छ। डाइथेन एम ४५ बिषादी १ लिटर पानीमा २ मिलि राखी बिरुवाको ५ पात भएदेखि २-३ पटक छर्नुपर्छ।

## ९.रायो साग खेतिः

**लगाउने र बाली लिने समय**

| जात | बाली रोप्ने र लिने समय | | |
|---|---|---|---|
| खुमल चौडा पात | उच्च पहाड | मध्य पहाड | तराई |
| | फागुन- बैशाख (जेठ-साउन) | भदौ-मंगसिर (मंगसिर-फागुन) | असोज-मंगसिर (मंगसिर-माघ) |
| मार्फा चौदपात | फागुन-बैशाख जेठ-साउन) | भदौ-मंगसिर (मंगसिर-फागुन) | असोज-मंगसिर (मंगसिर-माघ) |

- **रोग र कीराः**

१. अल्टरनेरिया ब्रसिकी

२. अल्टरनेरिया ब्रसिसिकोला



- **रोगका लक्षणः**

यसका मुख्य लक्षण पाटका ससाना हल्का खैरा थोप्लाहरु देखिन्छन र यी थोप्लाहरु सुरुमा काला मसिना दानाहरुजस्तै हुन्छन, पछि गएर ठुल्ठूला गोलाकार बन्दछन् ।

- **रोग नियन्त्रणः**

स्वस्थ, राम्रो, निरोगी बीउ को प्रयोग गर्नुपर्छ.. बेभिस्टीन २ ग्राम १ किलो बीउमा उपचार गर्ने, डाइथेन एम ४५ या ब्लाइटक्स २-३ ग्राम १ लिटर पानीमा राखी स्प्रे गर्ने ।

- **कीराः**

लाही कीराले फुल फुल्ने समयमा कलिलो पात र दुकुमा आक्रमण गर्ने भएकाले समयमै नीमको झोल १ लिटर पानीमा २-३ मिलि राखी छर्ने या बिषादी डोम, ब्लुम, नुभान यीमध्य कुनै एक बिषादी १ लिटर पानीमा २ मिलि राखी स्प्रे गर्ने । बजारमा साग लैजाने १० दिन अगाडी बिषादी नछर्ने ।

## १०.मूला खेतिः

- **जातः**

| जात | खेति गर्ने समय | दूरी | उत्पादन प्रति रोपनी | मल प्रति रोपनी | बीउ ग्राम | समय दिने | माटोको अम्लियापन |
|---|---|---|---|---|---|---|---|
| मूला प्युठाने | श्रावण-असोज | ४५ सेमी भएको डयानंग मा २ लाइन गर्ने र बीउबाट १०-१२ सेमि फरक रोप्ने | कार्तिक-फागुन २०००-२२०० केजी | १ टन कम्पोस्ट ५-३-४ | २५०-३०० ग्राम | ६०-६५ | पीएच ६.५ |
| मिनो अर्ली | श्रावण-असोज | ” | ” २२००-२५०० | ” | २५० ग्राम | ४०-४५ | पीएच ५.५ |
| ह्वाइट नेक | श्रावण-असोज | ” | ” | ” | ” | ” | ” |
| ४० दिने | साउन-भाद्र | ” | असोज-कार्तिक ४००-६०० | ” | ” | ४० दिने | ” |
| टोकिनासी | मंगसिर-पुस | ” | फागुन-चैत २२००-२२०० | ” | ” | ४०-४५ | ” |

- **हाइब्रिड जातका मूलाहरुः**

१. मिनो अर्ली

२. मूला जीएन

३. मिनो क्रस

४. साकुरा जीमा



- **रोग र कीराः**

मूलामा येफिड़ कीराले बढी आक्रमण गर्ने भएकाले समय समय मा बिषादी नुभान, ब्लुम, डोम, धनवान यीमध्ये एक लिटर पानीमा २-३ मिमि राखी छर्नाले जुनसुकै कीरा पनि नियन्त्रण हुन्छ ।

➢ मूलाको कालो जराः

यो रोग ढुसी हो, जुन बोरोंको कमीले हुन्छ. यो रोग लागेमा जरा वृद्धि हुन्बात रोकिन्छ. मूलामा निस्किने मसिना जरानिरबाट रोगले आक्रमण गर्छ, त्यस मूलामा कालो दाग देखिन्छ ।

उपचारः

१. यो रोग माटोमा धेरै बर्षसम्म रहिरहने हुनाले मूल, सलगम खेति नगरी अन्य बाली लगाउने, जस्तै- लसुन, प्याज, खुर्सानी ।

२. केही बर्षसम्म घुम्तीबाली लगाएमा रोग समाधान हुन्छ ।

३. बिषादी छरेर पनि रोग नियन्त्रण हुन्छ

**११.गोलभेंडा खेतिः**

गोलभेंडा खेतीका लागि २१ डि.से देखि २३ डी.से चाहिन्छ भने गोलभेंडा बढ्नका लागि र फल पाक्नका लागि १८ डी.से देखि २७ डी.से तापक्रम चाहिन्छ.

- **जातः**

१. मनिषा

२. इजुमी

३. एन.एस २५३५

४. बिशेस

५. त्रिशुल

६. अल राउण्ड

७. एन एस ८१५

८. भिम

९. टि-५९७५

१०. युमी



- **रोग र कीराः**

१. Damping off: यो रोगले ब्याडमा बेर्नामा नै आक्रमण गर्ने भएकाले ब्याडमा बीउ छर्नुभन्दा अगाडि copper fungicide पाउडरबाट कति बीउ उपचार गर्ने हो सोहि अनुसार केहि मात्रामा बिषादी बट्टामा राखी बिर्को बन्द गरी १५-२० मिनेटसम्म हल्लाइसकेपछि भोलिपल्ट बीउ राखेमा रोग नियन्त्रण हुन्छ.

२. Early Blight: यो रोग फंगसबाट हुने भएकाले फलमा पानी लाग्ने भएकाले बीउ उपचार गरि बीउ छर्ने, यसले रोगबाट बचावट हुन्छ. copper या बोर्डोमिक्स्चर छर्नाले रोग नियन्त्रण हुन्छ.

**१२.प्याज खेतिः**

मधुमेह रोग भएको व्यक्तिले प्रत्यक दिन मझौला खालको प्याज खानाले फाइदा हुन्छ भन्ने डाक्टरको भनाइ छ. प्याजमा भिटामीन सी पाइन्छ



- **जात र लगाउने समयः**

क) रेड क्रियोल     ख) काठमाण्डौ स्थानीय     ग) नासिक रेड

जापानिज जात Dark Red निकै राम्रो भएको छ.

**बेमौसमी १ प्याजको जातीय बेशेषता :**

१) मौसम तथा बेमौसम दुवै सिजनमा लागि उपयुक्त जात हो

२) तराई देखि मध्य पहाडसम्म खेति गर्नका लागि सफल भएको

३) दुवै सिजनमा खेती गर्दा चाडै फूल नफुल्ने

४) मौसममा १३० देखि १५० दिन लाग्छ भने बेमौसममा ७० देखि ८० दिनमा बाली तयार हुने

५) गरम तथा वर्षा खप्न सक्ने क्षमता भएको

- **प्याज रोप्ने तरिकाः**

जग्गालाई २-३ पटक खनजोत गरि पाकेको कम्पोस्ट मल १ टन, नाइट्रोजन साढे ५ केजी, सुपरफोस्फेट ३ केजी र पोटास ५ केजी छरी तयार भएको जग्गा १०-१५ सेमी फरक गरी दिउँसो बेर्ना सार्नुपर्छ. र सिंचाईको व्यवस्था गर्नुपर्छ. बेर्ना रोपेको ३-४ हप्तापछि आएको घाँस उखेली गोडमेल गर्नुपर्छ र सिंचाईको व्यवस्था गर्नुपर्छ. प्याजको गानो उत्पादन गर्ने हो भने २५-३० दिन अगाडि बोटलाई कुल्ची ढलाइदिनुपर्छ जसले गर्दा गानो ठुलो हुन्छ.

- **प्याज भण्डारणः**

गानोलाई बोक्रा झिकी सफा गरी भण्डारण गर्नुपर्छ. भण्डारण गर्ने कोठामा हावा चालु भएको हुनुपर्छ. हावा चालु नभएको कोठामा प्याज रोग लगेर बिग्रने सम्भावना भएकोले हप्ताको १-२ पटक प्याज राखेको स्थानमा रेखदेख गर्न जरुरी हुन्छ. कुनै रोग लागी बिग्रेको प्याजलाई टिपी खाल्डोमा पुरिदिनुपर्छ

- **रोग र कीराः**

क) प्याजमा Downy Mildew रोग लाग्नाले समयमै पोलिराम ४ ग्राम १ लिटर पानीमा राखी छर्ने वा क्यलिसियन झोल १ लिटर पानीमा राखी छर्नाले नियन्त्रण हुन्छ. पहिले यो रोग पातमा देखा पर्छ, पछि गएर सबै भागमा आक्रमण गर्छ. माथि उल्लेख भएको बिषादी छारिसकेपछी १०-१५ दिनपछि मात्र बजारमा लैजानुपर्छ

ख) Purple Blotch: यो रोग बीउ उत्पादन गर्ने बोटमा लाग्छ. बोटको बीचमा आक्रमण गर्दछ, पछि गएर बीउको बोट भाचिन्छ र बीउ उत्पादनमा ह्रास आउँछ साथै गानोमा समेत देखा पर्छ. बेर्ना सारेको २-३ हप्तापछि बेभिसटिन, डाइथेन एम ४५ बिषादी १ ग्राम १ लिटर पानीमा राखी छर्ने र पछि बोटको उचाइअनुसार बिषादी २

ग्राम १ लिटर पानीमा राखी छर्ने या पोलिराम ४ ग्रामम १ लिटर पानीमा राखी छर्नाले रोग लाग्नबाट बचावट हुन्छ.

- **कीराः**
  - **Onion Thrips**ः समयमै नुभान, धनवान, फेनफेन यीमध्ये कुनै १ लिटर पानीमा २ मिमि राखी छर्नाले जुनसुकै कीरा पनि नियन्त्रण हुन्छ. हरियो प्याज बजार लैजानु १५ दिन अगाडि बिषादी छर्नुहुदैन.
  - **Onion Caterpillar**ः गाईको गहुत ३ महिनासम्म बिर्को बन्द भएको जर्किनमा राखी त्यसपछि २ भाग पानीमा १ भाग गहुत राखी छर्नाले पनि किरा नियाँत्रन्म आउँछ
  - **Thrips**ः माथि उल्लेखित गाईको गहुत १ भाग र २ भाग पानी राखी छर्ने या नीम राखी स्प्रे गर्नुपर्छ. नीम ३ मिलि १ लिटर पानीमा राखी छर्नाले पनि कीरा नियन्त्रण हुन्छ

कृषि विकास मंन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
**परियोजना कार्यान्वयन इकाई (जोन–तरकारी)**
पर्सा

बिषय :- दर्ता भएको कृषि सहकारी /कृषक समूहको नामावली प्रकाशन गरिएको ।

प्रस्तुत बिषयमा यस परियोजनामा विभिन्न मिति मा दर्ता भएका **कृषि सहकारी /कृषक समूहको नामावली बिवरण तपसिल बमोजिम रहेको व्यहोरा सबै जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपसिल :**

| सि.न. | दर्ता नं. | सहकारी/समूहको नाम | ठेगाना | मोबाईल नं. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 40 | जय हनुमान कृषक समूह | गम्हरीया-८ | 9845495741 | |
| 2 | 41 | ब्रहम बाबा कृषक समूह | भौराटार-२ | 9807292088 | |
| 3 | 42 | नितु कृषक समूह | भौराटार-५ | 9814200551 | |
| 4 | 43 | पारस नाथ कृषक समूह | भौराटार-३ | 9855026922 | |
| 5 | 44 | सरस्वती कृषक समूह | भौराटार-४ | 9807161454 | |
| 6 | 45 | जय भोले नाथ कृषक समूह | भौराटार-७ | 9807243933 | |
| 7 | 46 | जय लक्ष्मी कृषक समूह | भौराटार-२ | 9845090425 | |
| 8 | 47 | सातो माई कृषक समूह | भौराटार-५ | 9814218355 | |
| 9 | 48 | शान्ती महिला कृषक समूह | भौराटार-६ | 9811886462 | |
| 10 | 49 | शिव शक्ति कृषक समूह | गम्हरीया-३ | 9802914133 | |
| 11 | 50 | श्रीराम जानकी महिला कृषक समूह | गम्हरीया २ | 9817221498 | |
| 12 | 51 | कृष्णा कृषक समूह | भौराटार-५ | - | |
| 13 | 52 | श्री भेद्राहा माई कृषक समूह | शिवर्वा-९ | 9807261439 | |
| 14 | 53 | ज्योती अगुवा कृषक समूह | शिवर्वा-१२ | 9845677384 | |
| 15 | 54 | जन कल्याण कृषक समूह | शिवर्वा-१३ | 9814207934 | |
| 16 | 55 | माँ भवानी कृषक समूह | शिवर्वा-११ | 9814201464 | |
| 17 | 56 | उज्जवल कृषक समूह | शिवर्वा-६ | 9813089085 | |
| 18 | 57 | ताजा तरकारी उत्पादन कृषक समूह | गम्हरीया-५ | 9815263919 | |
| 19 | 58 | रमौली कृषि सहकारी लि. | भौराटार-२ | 9807274401 | |
| 20 | 59 | श्रीराम कृषक समूह | भौराटार-२ | 9804276125 | |
| 21 | 60 | सृजनशिल कृषक समूह | भौराटार-१ | 9817276808 | |
| 22 | 61 | महाँ लक्ष्मी कृषक समूह | भौराटार-७ | 9807184797 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 23 | 62 | रिद्धि सिद्धि कृषक समूह | भौराटार-४ | 9812237217 | |
| 24 | 63 | मित्र बचत तथा ऋण सहकारी सेवा | गम्हरीया-७ | 9804278610 | |
| 25 | 64 | बजरंग बली कृषक समूह | गम्हरीया-७ | 9814232363 | |
| 26 | 65 | ज्योती विकास कृषक समूह | गम्हरीया-२ | 9807279680 | |
| 27 | 66 | जय हनुमान कृषक समूह | भौराटार-१ | 9807150988 | |
| 28 | 67 | श्री दुर्गा कृषक समूह | भौराटार-५ | 9811205872 | |
| 29 | 68 | सत्य संघ कृषक समूह | भौराटार-८ | 9804232507 | |
| 30 | 69 | सिता कृषक समूह | भौराटार-८ | 9807280151 | |
| 31 | 70 | जय माँ लक्ष्मी कृषक समूह | विश्रामपुर-१,२ | 9804280093 | |
| 32 | 71 | पटन देवी माई कृषक समूह | भौराटार-७ | 9802967202 | |
| 33 | 72 | कालीका महिला कृषक समूह | भौराटार-६ | 9804236309 | |
| 34 | 73 | कुशवाहा कृषक समूह | भौराटार-३ | 9806849242 | |
| 35 | 74 | सुर्य तरकारी समूह | गम्हरीया-६ | 9817200913 | |
| 36 | 75 | त्रिदेव तरकारी कृषक समूह | गम्हरीया-३ | 9815253752 | |
| 37 | 76 | तरकारी उत्पादन कृषक समूह | गम्हरीया-६ | 9811207646 | |
| 38 | 77 | सर्वाधिक तरकारी समूह | गम्हरीया-५ | 9804232926 | |
| 39 | 78 | राधे राधे कृषक समूह | भौराटार-७ | 9821884697 | |
| 40 | 79 | खेतीबारी कृषक समूह | भौराटार-७ | 9806840632 | |
| 41 | 80 | नव दुर्गा कृषक समूह | भौराटार-३ | 9806859079 | |
| 42 | 81 | भगवती कृषक समूह | विश्रामपुर-३ | 9811877733 | |
| 43 | 82 | कालिका कृषक समूह | विश्रामपुर-३ | 9806809161 | |
| 44 | 83 | श्री विन्दवास्नी कृषक समूह | विश्रामपुर-७ | 9807287180 | |
| 45 | 84 | किसान कृषक समूह | भौराटार-७ | 9811259587 | |
| 46 | 85 | कृषि विकास कृषक समूह | गम्हरीया-५ | 9845256136 | |
| 47 | 86 | श्रीराम जानकी कृषक समूह | भौराटार-७ | 9814246217 | |
| 48 | 87 | हरियो तरकारी कृषक समूह | विश्रामपुर-२ | 9807233946 | |
| 49 | 88 | शिव शक्ति कृषक समूह | भौराटार-४ | 9807185973 | |
| 50 | 89 | श्री जय हनुमान कृषक समूह | गम्हरीया-७ | 9814232369 | |
| 51 | 90 | किसान कृषक समूह | गम्हरीया-३,४ | 9816213529 | |
| 52 | 91 | लाली गुरास मिश्रित कृषक समूह | शिवर्वा-१२ | 9809161487 | |
| 53 | 92 | गुप्ता कृषक समूह | विश्रामपुर-८ | 9807142952 | |
| 54 | 93 | कृपा कृषक समूह | विश्रामपुर-८ | 9821189814 | |
| 55 | 94 | अम्बे कृषक समूह | भौराटार-९ | 9819286935 | |
| 56 | 95 | श्री जानकी माँ कृषक समूह | भौराटार-३ | | |
| 57 | 96 | बुद्ध कृषक समूह | भौराटार-२ | 9807233990 | |
| 58 | 97 | जय  दुर्गा कृषक समूह | भौराटार-२ | 9845101392 | |
| 59 | 98 | सृजना कृषक समूह | भौराटार-२ | 9821215152 | |
| 60 | 99 | श्री देवी माँ कृषक समूह | भौराटार-५ | 9819285627 | |
| 61 | 100 | जल कृषक समूह | भौराटार-७ | 9817276941 | |
| 62 | 101 | गणेश कृषक समूह | भौराटार-७ | 9802910346 | |
| 63 | 102 | उत्तम् कृषक समूह | भौराटार-८ | 9807231956 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 64 | 104 | ज्योती कृषक समूह | भौराटार-५,६ | 9815207953 | |
| 65 | 105 | बाबा द्धुधेश्वरनाथ कृषक समूह | भौराटार-५,६ | 9855020422 | |
| 66 | 106 | शाक्षी कुमारी कृषक समूह | शिवर्वा-१३ | 9821146178 | |
| 67 | 107 | जय भोले कृषक समूह | भौराटार-७ | 9821244025 | |
| 68 | 108 | अनु कृषक समूह | भौराटार-५,६ | 9814201090 | |
| 69 | 109 | रिद्धिसिद्धि कृषक समूह | शिवर्वा-१२ | 9811125019 | |
| 70 | 110 | प्रगतीशिल कृषक समूह | शिवर्वा-८ | 9865263063 | |
| 71 | 111 | विशाल कृषक समूह | शिवर्वा-१३ | 9811892680 | |
| 72 | 112 | श्रीगणेशायनम् कृषक समूह | शिवर्वा-१३ | 9845718112 | |
| 73 | 113 | जय माँ विन्दस्वानी कृषक समूह | विश्रामपुर-१ | 9821279683 | |
| 74 | 114 | शिवम् कृषक समूह | विश्रामपुर-१,२ | 9806892166 | |
| 75 | 115 | श्री कृषि चेतना बहुउदेशिय कृषक समूह | विश्रामपुर-९ | 9809218836 | |
| 76 | 116 | सातो माई कृषक समूह | विश्रामपुर-५ | 9807126615 | |
| 77 | 117 | राधे कृष्णा महिला कृषक समूह | विश्रामपुर-४ | 9821128151 | |
| 78 | 118 | बजरंग कृषक समूह | विश्रामपुर-२ | 9814226866 | |
| 79 | 119 | हरियाली कृषक समूह | भौराटार-१ | 9863631411 | |
| 80 | 120 | शान्ती कृषक समूह | विश्रामपुर-८ | 9806885921 | |
| 81 | 121 | सगरमाथा कृषक समूह | भौराटार-२ | 9804206671 | |
| 82 | 122 | कालि माई कृषक समूह | भौराटार-५,६ | 9801157993 | |
| 83 | 123 | यादव कृषक समूह | भौराटार-५, | 9806846644 | |
| 84 | 124 | पूजा कृषक समूह | भौराटार-५, | 9845305955 | |
| 85 | 125 | बजरंग कृषक समूह | भौराटार-८, | 9807132779 | |
| 86 | 126 | शिव शक्ति कृषक समूह | विश्रामपुर-१ | 9811809124 | |
| 87 | 127 | अन्नाय कृषक समूह | भौराटार-९, | | |
| 88 | 128 | जय महाविर कृषक समूह | भौराटार-७ | 9807165792 | |
| 89 | 129 | कुशवाहा कृषक समूह | भौराटार-७ | 9809259152 | |
| 90 | 130 | श्री राधे माई कृषक समूह | भौराटार-७ | 9807150678 | |
| 91 | 131 | कृष्णा मुरारी कृषक समूह | भौराटार-७ | 9804215720 | |
| 92 | 132 | सुरज कृषक समूह | भौराटार-७ | 9821244011 | |
| 93 | 133 | धन बर्षा कृषक समूह | भौराटार-१ | 9845311213 | |

**साना सिचाई अन्तर्गत पम्पसेट अनुदान**

| क्र.स | समुहको नाम | ठेगाना | कार्यालयको अनुदान रकम | समुहको रकम | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री गुप्ता कृषक समुह | बिश्रामपुर ८ | २७०००. | १३४००. | ४०४००. |
| २ | श्री कृपा कृषक समुह | बिश्रामपुर ८ | २७०००. | १३४००. | ४०४००. |
| ३ | श्री शान्ती कृषक समुह | बिश्रामपुर ८ | २७०००. | १३४००. | ४०४००. |
| ४ | श्री जय मा लक्ष्मी कृषक समुह | बिश्रामपुर १,२ | २७०००. | १३४००. | ४०४००. |
| ५ | श्री हरियो तरकारी कृषक समुह | बिश्रामपुर २ | २७०००. | १३४००. | ४०४००. |
| ६ | श्री सातोमाई कृषक समुह | बिश्रामपुर ५ | २७०००. | १३४००. | ४०४००. |
| ७ | श्री कालिका कृषक समुह | बिश्रामपुर ३ | २७०००. | १३४००. | ४०४००. |
| ८ | श्री बिन्दबास्नी कृषक समुह | बिश्रामपुर ७ | २७०००. | १३४००. | ४०४००. |
| ९ | श्री भगवती कृषक समुह | बिश्रामपुर ३ | २७०००. | १३४००. | ४०४००. |
| १० | श्री ज्योति कृषक समुह | भौराटार ५,७ | २७०००. | १३४००. | ४०४००. |
| ११ | श्री कालिका महिला कृषक समुह | भौराटार ६ | २७०००. | १३४००. | ४०४००. |
| १२ | श्री महालक्ष्मी कृषक समुह | भौराटार ७ | २७०००. | १३४००. | ४०४००. |
| १३ | श्री जय भोले कृषक समुह | भौराटार ७ | २७०००. | १३४००. | ४०४००. |
| १४ | श्री जय हनुमान कृषक समुह | भौराटार १ | २७०००. | १३४००. | ४०४००. |
| १५ | श्री कुशबाहा कृषक समुह | भौराटार ३ | २७०००. | १३४००. | ४०४००. |
| १६ | श्री कुशबाहा कृषक समुह | भौराटार ७ | २७०००. | १३४००. | ४०४००. |
| १७ | श्री सरस्वती कृषक समुह | भौराटार ४ | २७०००. | १३४००. | ४०४००. |
| १८ | श्री ब्रहमबाबा कृषक समुह | भौराटार २ | २७०००. | १३४००. | ४०४००. |
| १९ | श्री राधेराधे कृषक समुह | भौराटार ७ | २७०००. | १३४००. | ४०४००. |
| २० | श्री रमौली कृषि सहकारी संस्था लिमिटेड | भौराटार २ | २७०००. | १३४००. | ४०४००. |
| २१ | श्री अन्नु कृषक समुह | भौराटार ५,६ | २७०००. | १३४००. | ४०४००. |
| २२ | श्री कलिमाई कृषक समुह | भौराटार ५ | २७०००. | १३४००. | ४०४००. |
| २३ | श्री जयदुर्गा कृषक समुह | भौराटार ५ | २७०००. | १३४००. | ४०४००. |
| २४ | श्री सत्यसंघ कृषक समुह | भौराटार | २७०००. | १३४००. | ४०४००. |
| २५ | श्री ज्योति विकास कृषक समुह | गम्हरिया २ | २७०००. | १३४००. | ४०४००. |
| २६ | श्री बजरंगबलि कृषक समुह | गम्हरिया ७ | २७०००. | १३४००. | ४०४००. |
| २७ | श्री कृषि बिकाश कृषक समुह | गम्हरिया ७ | २७०००. | १३४००. | ४०४००. |
| २८ | श्री शिवशक्ति कृषक समुह | गम्हरिया ३ | २७०००. | १३४००. | ४०४००. |
| २९ | श्री जयहनुमान कृषक समुह | गम्हरिया ८ | २७०००. | १३४००. | ४०४००. |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | श्री ताजातारकारी कृषक समुह | गम्हरिया ५ | २७०००. | १३४००. | ४०४००. |
| ३१ | श्री सार्बिधिक कृषक समुह | गम्हरिया ५ | २७०००. | १३४००. | ४०४००. |
| ३२ | श्री किसान कृषक समुह | गम्हरिया ४ | २७०००. | १३४००. | ४०४००. |
| ३३ | श्री भेद्रामाई ताजातारकारी कृषक समुह | सिवर्रवा ९ | २७०००. | १३४००. | ४०४००. |
| ३४ | श्री जनकल्याण कृषक समुह | पोखरिया १३ | २७०००. | १३४००. | ४०४००. |
| ३५ | श्री प्रगतिशील कृषक समुह | सिवर्रवा ८ | २७०००. | १३४००. | ४०४००. |
| | जम्मा | | ९४५०००. | ४६९०००. | १४१४०००. |

**पोस्ट हर्भेस्ट अन्तर्गत १ पिकअप र १४ डिजिटल तराजु अनुदान**

| क्र.स | समुहको नाम | ठेगाना | कार्यालयको अनुदान रकम | समुहको रकम | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री रमौली कृषि सहकारी संस्था लिमिटेड | भौराटार २ | १६३२०००. | २८८०००. | १९२००००. |
| २ | श्री सत्यसंघ कृषक समुह | भौराटार ८ | १८७००. | ३३००. | २२०००. |
| ३ | श्री जयलक्ष्मी कृषक समुह | भौराटार २ | १८७००. | ३३००. | २२०००. |
| ४ | श्री राधेराधे कृषक समुह | भौराटार ७ | १८७००. | ३३००. | २२०००. |
| ५ | श्री अन्नु कृषक समुह | भौराटार ५ | १८७००. | ३३००. | २२०००. |
| ६ | श्री जय हनुमान कृषक समुह | भौराटार १ | १८७००. | ३३००. | २२०००. |
| ७ | श्री उत्तम कृषक समुह | भौराटार ८ | १८७००. | ३३००. | २२०००. |
| ८ | श्री जय मालक्ष्मी कृषक समुह | विश्रामपुर १,२ | १८७००. | ३३००. | २२०००. |
| ९ | श्री गुप्ता कृषक समुह | विश्रामपुर ८ | १८७००. | ३३००. | २२०००. |
| १० | श्री कृपा कृषक समुह | विश्रामपुर ८ | १८७००. | ३३००. | २२०००. |
| ११ | श्री शिबम कृषक समुह | विश्रामपुर २ | १८७००. | ३३००. | २२०००. |
| १२ | श्री कृषिबिकाश कृषक समुह | गम्हरिया ५ | १८७००. | ३३००. | २२०००. |
| १३ | श्री शिवशक्ति कृषक समुह | गम्हरिया ३ | १८७००. | ३३००. | २२०००. |
| १४ | श्री साक्षीफुमाठी कृषक समुह | पोखरिया १० | १८७००. | ३३००. | २२०००. |
| १५ | श्री भेद्रहामई कृषक समुह | शिवर्वा ९ | १८७००. | ३३००. | २२०००. |
| | **जम्मा** | | **१८९३८००.** | **३३४२००.** | **२२२८०००.** |

**कस्टम हयारिंग अन्तर्गत ४ ट्याक्टर ४ कल्टीभेटर, ४ लेभलर अनुदान**

| क्र.स. | समुहको नाम | ठेगाना | कार्यालयको अनुदान रकम | समुहको रकम | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री सत्यसंघ कृषक समुह | भौराटार ८ | ५६२५००.०० | ५६२५००.०० | ११२५०००.०० |
| २ | श्री ज्योति कृषक समुह | भौराटार ५,६ | ५६२५००.०० | ५६२५००.०० | ११२५०००.०० |
| ३ | श्री बिन्दबास्नी कृषक समुह | विश्रामपुर १ | ५६२५००.०० | ५६२५००.०० | ११२५०००.०० |
| ४ | श्री राम जानकी महिला कृषक समुह | गम्हरिया २ | ५६२५००.०० | ५६२५००.०० | ११२५०००.०० |